स्थानीय 'ख' वर्गको
झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ११ , अंक ११, २०८१ असोज १५ मंगलवार (Jhuleni Post Weekly 1 Oct. 2024) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, विजुवार
Email :
jhulenipyuthan@gmail.com

# 'जङ्गलका राजा' गृहस्थीमा रमाउँदै

**शशिधर भण्डारी**

प्यूठान,

कन्तमुल खाएर जंगल चहार्दे हिड्ने कुसुन्डा प्यूठानको सरुमारानीमा आएर घरजम गरेर बस्न थालेको वर्षौ भइसकेको छ । यहाँ आएर बसोवास गर्ने कुसुन्डाहरुको जीवनशैली अन्य जातीकै जस्तै छ।

सरुमारानी गाउँपालिका-६, बुढीचौर राजाबस्तीका सुकराम कुसुन्डासंग जङ्गल जंगल चाहदै हिडेको अनुभव अझै ताजै छ । सुकराम हाल ४३ वर्षका भए । बुबा लिल बहादुर कुसुन्डा ६० वर्ष अघि अर्घाखाँचीको जङ्गल हुँदै प्यूठान आएका थिए । जङ्गलमा सिकार खेल्दै आउदा यतै विहे गरे । सुकराम ४ भाई मध्येका कान्छा सन्तान हुन् । आमाको पेवाले जमिन खरिदगरेपछि उनीहरुको गृहस्थी सुरु भएको हो । सुकरामले बुबासंग सिकार खेल्दै जाडो याममा सरुमारानी कै गनाहको जङ्गल र गर्मियाममा हाल बसोबास गरेको क्षेत्र नजिककै जङ्गलका छाप्रोमा बसेको अनुभव सुनाए।

सरुमारानी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण आचार्यका अनुसार गाउँपालिकामा ५ परिवारका २४ जनाको संख्यामा कुसुण्डाको जनसंख्या रहेको छ। उनीहरुले मासिक ३ हजार ९ सय ९० रुपैयाँ सामाजिक सुरक्षा भत्ता लिँदै आएका छन् । गाउँपालिकाको तथ्यांक अनुसार ८ जना बालबालिका विद्यालय शिक्षा लिदैं गरेका छन्। तर जग्गा जमिन नभएका कारण घरमा बाह्रै महिना अभावका कारण सामाजिक सुरक्षा भत्ताले खाद्यान्य मै सीमित भएको कुसुण्डा परिवारको भनाइ छ।

राष्ट्रिय जनगणना २०७८ बमोजिम नेपालमा कुल २ सय ५३ जना कुसुण्डा जातिका मानिसहरू बसोवास गर्दछन् । बसोबासको हिसाबले कुसुण्डाहरु प्युठान सहित सल्यान, दैलेख, तनहुँ, कास्की, गोरखा, सुर्खेत, अर्घाखाँची जिल्लामा पाइने तथ्यांकमा उल्लेख छ।

जातिको बाजा इर्लुङ पिपिरी, मादल डम्फु, हतियार धुनवाण तथा कुसुण्डाको आफ्नै भाषा 'कुसुण्डा गिपन' लोप हुने अवस्थामा पुगेको छ। जिल्लाको ऐरावती गाउँपालिका-६ विजुलीमा १, स्वर्गद्वारी नगरपालिका-२ खालमा २ र सरुमानी बुढीचौरमा ५ घर गरी ८ परिवारका ५५ जनाको जनसङ्ख्या प्युठानमा रहेको कुसुन्डा जातीका शोधकर्ता उदय आलेले

बाँकी ७ पेजमा...

# प्यूठान अस्पतालको सुविधासम्पन्न भवन बन्दै

**बोम बहादुर परियार**

प्यूठान

२०८१ असोज ८ पर्याप्त भौतिक संरचनाको अभावमा सधै वेडको समस्या भइरहने प्यूठान अस्पतालमा सुविधा सम्पन्न भवन निर्माण हुन लागेको छ। जमिनमुनि(अन्डर ग्राउण्ड) पार्किङ, लिफ्ट सहितको अपाङ्ग, बालमैत्रि,भूकम्प प्रतिरोधी ५ तले भवन निर्माण गर्न थालिएको छ।

२१ करोड ३० लाख ५३ हजार ७ सय ६८ रुपैयाँ लागतमा सम्पन्न गर्नेगरी भवन निर्माणको ठेक्का सम्झौता भएको छ । निर्माणको ठेक्का ग्राण्ड डिजाइन कन्ट्रक्सन प्रा.लि. (नेपालगंज) ले लिएको शहरी बिकास तथा भवन कार्यालय दाङका इन्जिनियर मनोज नेपालीले जानकारी दिए।

'२०८० चैत ७ गते निर्माण संझौता गरी निर्माण व्यवसायीले काम थालेका छन्,' नेपालीले भने, '२०८३ जेठ ६ गतेसम्म निर्माण गरिसक्नु पर्ने हुन्छ ।' कार्यालयका अनुसार हाल अस्पताल परिसरमा रहेका ८ वटा पूराना टहराहरु हटाएर सोही ठाउँमा ५५ हजार बर्गफिट क्षेत्रफलको ५ तल्ले भबन निर्माण हुने कार्यालयले जनाएको छ । हाल भवन निर्माण १५ प्रतिशत भौतिक प्रगति भएको इन्जिनियर नेपालीले जानकारी दिए।

२०४३ सालदेखि १५ शैय्याको सेवा दिन थालेको प्यूठान अस्पतालले हाल ५० शैय्याको सेवा प्रबाह गरिरहेको छ । ३१ रोपनी क्षेत्रफलका साना ठ

ठूला गरी १९ भवन संरचनाहरु रहेको अस्पतालमा पर्याप्त ठाउँ नहुँदा एकै कोठाबाट दुई विशेषज्ञले सेवा दिँदा विरामीले सांस्ती खेप्दै आएका छन् । बिभिन्न रोगका विशेषज्ञ चिकित्सक सहितको

बाँकी ७ पेजमा...

## हाम्रो नजर

# उज्यालो प्यूठानको तयारी

प्यूठान जिल्ला पूर्ण विद्युतिकरण हुने तयारीमा छ। जिल्लालाई आर्थिक बर्ष २०८१/०८२ सालसम्म उज्याँलो प्यूठान घोषणा गर्ने गरी विद्युत विस्तारको कामलाई तीव्रता दिइएको नेपाल विद्युत प्राधिकरण प्यूठान वितरण केन्द्रका कार्यालय प्रमुख महेन्द्र कुमार दासले बताए। दासका अनुसार जिल्लामा ५८ हजार घरमा विद्युत जडान भइसकेको छ।

प्यूठानको ६४ वटा वडामध्ये २ वटा वडा बाहेक बाँकी सबै वडामा पूर्ण विद्युतिकरण भएको कार्यालय प्रमुख दासको भनाई छ। नौबहिनी गाउँपालिका १ स्याउलिवाङ र गौमुखी गाउँपालिका ३ रजवारमा पूर्णरुपमा विद्युतिकरण भएमा जिल्लाको सबै क्षेत्र विद्युतिकरण हुने प्राधिकरणले जनाएको छ। यो स्थानमा कार्यालयले पोल गाड्ने र तार तान्ने कामलाई निरन्तर रुपमा अघि बढाएको बताएको छ। नौबहिनी १ को स्याउलिवाङमा २ सय ८५ घरमा र गौमुखी ३ रजवारामा २ सय १५ घरमा विद्युतको पहुँच पुगेको छैन। त्यहाँका स्थानीयले हाल लघुजलविद्युत प्रयोग गर्दै आईरहेका छन्।

जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं। दिगो विकासमा योगदान गरौं।

जलश्रोत तथा सिंचाई
डिभिजन कार्यालय ,प्यूठान

**झुलेनी पोष्ट**
**सम्पादकीय....**

# राहतमा विशेष ध्यान दिऊ

शुक्रबार विहानदेर्खि परेरको अविरल वर्षाका कारण भएको बाढी पहिरो र डुबानमा परी हालसम्म १ सय ९२ को मृत्यु भैसकेको छ। ३० जना बेपत्ता भएका छन् । प्राकृतिक विपद्मा परी १ सय ९४ जना घाइते भएको गृह मन्त्रालयले जनाएको छ।

बाढीपहिरोपछिको खोज, उद्धार र राहतका लागि सबै सुरक्षा निकाय परिचालित भई हालसम्म करिब चार हजार पाँच सयभन्दा बढी विपद् प्रभावितको उद्धार गरिसकेको सरकारले जनाएको छ।

बाढीपहिरो प्रभावितलाई खाद्यान्नलगायत आपत्कालीन राहत सामग्री उपलब्ध गराइएको तथा घाइतेको निःशुल्क उपचार भइरहेको सरकारले भने पनि अझै धेरै पीडितहरु समस्यामा भएको गुनासो गरिहेका छन् । सरकारले खोज, उद्धार र राहतलाई उच्च प्राथमिकता दिनुपर्छ । यातायात सञ्चालन गर्न अवरुद्ध राजमार्ग खोल्न पहल गर्नु पर्छ । देशैभर सुरु भएको भारी वर्षाबाट सिर्जित समस्याका कारण जनजीवन अस्तव्यस्त भएको छ। धेरै व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिको यथार्थ विवरण तत्काल सार्वजनिक गर्न सरकार लाग्नु पर्छ । असोजको दोस्रो हप्तामा देशलाई एकैसाथ विपत्तिमा होम्ने गरी भएको भारी वर्षाले धेरै समस्या निम्त्याएको छ । दसैं नजिकिएका कारण सुरु हुँदै गएको चहलपहल, भेटघाट, किनमेल तथा यात्रामार्फत मानिसहरू मनोरञ्जनात्मक बन्दै गएको पृष्ठभूमिमा बेहोर्नुपरेको क्षति अनपेक्षित भएको छ।

वर्षाका कारण काठमाडौं प्रवेश गर्ने पृथ्वी राजमार्ग र बीपी राजमार्गमा क्षति पुगिसकेका छ। सबै प्रदेशका साना-ठूला राजमार्गमा समेत आंशिक क्षति भएका छन् । ठाउँ-ठाउँका पुल बगाएको छ। हाल वर्षा रोकिए पनि मानिसहरूले जे गुमाएका छन्, त्यो पुनः प्राप्त भएको छैन। जसको घर बगाएको छ, हुन सक्छ कि त्यो उसको पुस्तौंदेखिको सम्पत्ति-शृंखलाको समुच्च थियो, घरसँगै ती सबै बगे। जसको घर डुबानमा परेको छ, बाढी हटेपछि घर त प्राप्त हुन्छ, तर क्षतिसहितको। किनकि, डुबानमा पर्नुअघि विस्थापित हुन सक्नेले पनि सबैथोक सार्न सकेको हुँदैन। यस क्रममा उसका कैयौं महत्त्वपूर्ण सम्पत्ति गुमेको हुन सक्छ। मूलतः मान्छेको मनस्थिति पुरानै बिन्दुमा फर्किने समय लाग्छ। मानिसलाई सहज रूपमा पुरानै दैनिकीमा फर्काउन सरकारी तथा सहयोगी संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ।

बाढी तथा डुबान रोकिएपछि पनि मानिसले कतिपय रोगव्याधिको समस्या बेहोर्नुपर्ने हुन्छ। खासगरी बाढीको पानी तथा ढल मिसिएका पानी यत्रतत्र पुग्ने हुनाले पानीको मूल तथा सहायक स्रोतहरू नै दूषित हुन्छन्। जसकारण झाडापखाला तथा हैजाजस्ता संक्रमणहरू फैलिन सक्छ। पानी सुके पनि त्यसले जम्मा गरेका प्रदूषित धूलो लामो समय रहने भएकाले त्यसले श्वासप्रश्वाससँग सम्बन्धित र अन्य समस्या निम्तिन सक्छन्। सम्भावना पनि प्राकृतिक विपत्तिहरू प्रायःजसो अनपेक्षित नै हुने गर्छन। तर यस पटक भने भारी वर्षाको पूर्वानुमान गरिएको थियो। 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्ट' को निर्णयअनुसार 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरण' ले उच्च सतर्कताका लागि सूचना सम्प्रेषण गरेको थियो। त्यसको केही हदसम्म पालना पनि भयो। तर पूर्ण पालना हुन सकेन वा सम्भव भएन। त्यसैले पनि क्षति पुग्यो। पूर्वानुमान बलियो हुँदाहुँदै पनि यत्तिको क्षति बेहोर्नु दुःखद् छ। सोमबार मन्त्रिपरिषद् बैठक बसेको छ । मृतकका परिवारलाई क्षतिपूर्ति, बेपत्ताहरूको खोजी, राहत उपलब्धता र सुरक्षित पुनःस्थापनाका विषयमा निर्णय गरेको छ। बालबालिका, वृद्धवृद्धा तथा गर्भवती महिलालगायत विशेष सहयोग आवश्यक पर्ने वर्गलाई विशेष ध्यान दिएर राहत दिन सुरु गर्नुपर्छ।

# अवैज्ञानिक विकासले निम्त्याएको विनास

> धमिराले भित्र भित्रै काठलाई खोक्रो बनाइसकेको कसैलाई थाहै हुँदैन। धन पनि त्यस्तै धमिरा जस्तो हो। जस्ले व्यक्तिको सद्बुद्धि र आदर्शलाई खोक्रो बनाएको आफैँलाई थाहा हुँदैन ।

**उद्धव सिलवाल**

दुई दिनको अविरल वर्षाले राजधानीलगायत देशभरमा ठूलो क्षति पुऱ्याएको छ। अनियन्त्रित वर्षाका कारण उत्पन्न बाढीपहिरो र डुबानका कारण मुलुकमा ठूलो मानवीय क्षति पुगेको छ।

बाढीपहिरो र डुबानबाट मानवीय क्षतिसँगै सडक, पुल, विद्युत् लगायतका संरचनामा ठूलो क्षति पुगेको छ।

आँखैअगाडि मृत्युको मुखमा पुग्दा देखिएको कारुणिक अवस्थामा समेत निरुपाय भई लाचार बन्नुपर्ने अवस्थाले हामी सबैलाई निशब्द तुल्याएको छ।

प्रकृतिको विनाशबाट जोगिन प्राणको भिख मागेका आम नागरिकको जीवनलाई जोगाउन कसैले भरोसासम्म दिन सकेनन्। कतै पहिरोले किचिएर, कतै बाढीमा हेलिएर त कतै डुबेर ठूलो संख्यामा जनधनको क्षति हुँदा पनि राज्यका सहयोगी हातहरूले तत्कालीन अवस्थामा कुनै भरोसा दिन नसक्नु हामी सबैको लागि सबैभन्दा दुखद विषय बन्न पुगेको छ।

मनसुन सुरु भएसँगै पहाडमा बाढीपहिरो र तराईमा डुबानको समस्या हुन्छ भन्ने राज्यलाई थाहा भएकै विषय हो। तर त्यहाँ भएका समस्याहरूको समाधानमा भने कुनै उपाय नै नअपनाउने परिपाटी आज पनि आम नागरिकको लागि ठूलो बाधक तत्व बनेको छ।

विकासको नाममा भूमाफिया र जलमाफियाको रजगजले खोला नाला घरभित्र पसेको नभई ठूला घर र भवनहरु नदी, नाला र खोलाले ओगटेको जमिनमा बनेको कारण कारण अहिलेको अवस्था आएको हो। खोला, नालाले आफ्नो बाटो आफैँ बनाउँदा विनासको रूप लिएको देखिन्छ। यस्तो अवस्थाको विजारोपाण गर्ने कार्यमा राजनीतिक नेतृत्वकै बढी संरक्षण रहेको आभास सबैले गरेका छन्।

यी सबै धन आर्जनको लागि गरिएको कार्य हो । धनलाई जीवनको साधनको रुपमा लिइने गरिन्छ। धन आर्जनमा अहिले सबै केन्द्रित रहने गरेका छन् । वास्तवमा धन भनेको साधन हो साध्य होइन । धन मानिसका लागि हो। मानिस धनका लागि होइन । धनका लागि मानिस क्रूर बनेका छन्। धनको प्रलोभनमा मानिस जे पनि गर्न तयार हुने गर्छन्।

धनकै लागि राज्य संयन्त्र पनि सुशासन र अनुशासनमा चुकेको छ । धन आर्जनको लागि सार्वजनिक संयन्त्रहरूमा बेरुजुको चाङ बढेको देखिन्छ । सोही कारण भ्रष्टाचारका घटनाहरु दिनहुँ सार्वजनिक हुने गरेका छन्।

मति बिग्रेपछि गति पनि ठीक हुन्न भन्ने उक्ति हाम्रोमा रहेको छ । राजनीतिमा बस्नेदेखि कर्मचारी संयन्त्रमा रहेको हरेक जसो व्यक्ति पैसाका लागि जस्तोसुकै काम गर्न तयार हुने परिपाटीको कारण अहिलेको अवस्था आइपुगेको हो। धन केही होइन भन्ने होइन। धन केही हो। धेरै साध्यका लागि आवश्यक साधनको रुपमा धन रहन्छ । सभ्यताको वृद्धि र विकासको मार्ग निर्माणकको रूपमा धनलाई लिइने गरिन्छ। उचित ढंगले उचित मात्रामा पिए धन अमृत हुन्छ। अन्यथा यो विषमा पनि रुपान्तरण हुन सक्छ ?

धनको कुलत र धमिरालाई एकै ठाउँमा राख्न सकिन्छ।

धमिराले भित्र भित्रै काठलाई खोक्रो बनाइसकेको कसैलाई थाहै हुँदैन। धन पनि त्यस्तै धमिरा जस्तो हो। जस्ले व्यक्तिको सद्बुद्धि र आदर्शलाई खोक्रो बनाएको आफैँलाई थाहा हुँदैन।

नशा बनिसकेको धनाआर्जनको लत हेरोइन, कोकिनको नशा, मदिराको लत, व्यभिचारको कुलतभन्दा पनि अधिक चर्को हुने गर्छ। धनार्जनको इच्छाका अगाडि इमान, जमान, आफन्त, इष्टमित्र, साथीभाइ सवै चिनी बिनाको चिया जस्तो फिका हुने गर्छन्।

यस्तो अवस्थामा माथि उल्लेख गरेजस्तो धन आर्जनको लागि भूमाफिया र जलमाफियासँगको सानिध्याले हुने कार्यले विनास बाहेक अरु ल्याउन सक्दैन। प्राकृतिक रूपमा नेपालको भौगर्भिक बनोट कमजोर छ। जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकास लगायतका विविध कारणले प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्यधिक जोखिममा रहेका मुलुकमध्ये नेपाल पनि एक हो।

देशको अवस्था सडक र यातायातको विकासले मापन गरेको हुन्छ। तर, पहाडी इलाकामा निर्माणाधीन तथा निर्मित सडकले बाढिपहिरोको जोखिमलाई प्रवर्द्धन गरेको देखिन्छ। बाटोघाटो विकासको माध्यम हुन् । बिडम्बना यी सडकहरूले विकासभन्दा विनाशलाई निम्त्याई रहेका छन्। जनताका ज्यान भलले बगाएर, माटोले पुरेर ल्याइएको विकासलाई विनाशबाहेक अरू भन्न सकिँदैन।

पानी पर्दा हिलो, घाम लाग्दा धुलो र मापदण्ड मिचेर खोलाछेउमा बनेका संरचनाको कारण सडक एम्बुस जस्तो बनेको लामो सयम भइसकेको छ। शहरलाई व्यवस्थित र सभ्य बनाउन नसक्दा दुई दिनको वर्षाले मात्रै कल्पना गरेभन्दा ठूलो क्षति पुग्यो।

शहरलाई सम्भ्यताको प्रतिकको रुपमा लिइन्छ।

तर अहिलेको शहरले जीवनलाई सुखभन्दा पनि दुःख र कष्ट थपेको आभास हुन थालेको छ । पानी पर्दा सडक खोलामा परिणत हुने कार्य विकासको नाममा झांगिएको कमिशनले निम्त्याएको विकृतिको नांगो रूप हो।

विकास, विनाश र विकृतिले असमानतलाई बढवा दिने गरेको छ । अघाएको पेटलाई भोक थाहा नभए जस्तै नेतृत्वले विकासमा सम्झौता गर्दा खोला नाला खुम्चिन थालेको कारण ठूलो जन धनको क्षति पुगेको हो । विकास र समृद्धिका लागि नेपालमा प्रशस्त सम्भावना र अवसरहरू छन् । अपार जलस्रोत छ । पर्यटनको सम्भावना अत्यधिक छ।

अर्थतन्त्रका सरोकारवालादेखि अर्थतन्त्रसँग चासो राख्ने सबैले आर्थिक विकासको मुद्दालाई उठाउने गर्छन्।

बाँकी ७ पेजमा...

नियमित रूपमा आँखाको जाँच गराऔं

आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं ।

स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीविन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ ।

लक्ष्मी मल्ल ठकुरी
प्रमुख

आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री
आँखा अस्पताल बिजुवार, प्यूठान

# खड्क देवता मन्दिर, वेलबास



प्यूठानको स्वर्गद्वारी नगरपालिका क्षेत्रको एक महत्वपूर्ण धार्मिक सम्पदा वेलबास गाउँको खड्गदेवता मन्दिर पनि हो। यो धार्मिक स्मारक स्वर्गद्वारी नगरपालिका वडा नम्वर ६ मा पर्दछ । खड्गदेवता हिन्दुधर्मावलम्बीहरूले पूजा गर्ने आयुध पुरुष मानिन्छन् ।

देवदेवीले हातमा लिने औजार आयुध कहलाउँछन् र यस्ता औजारहरूलाई पनि हिन्दुहरूले ईश्वरको रूपमा पूजाआजा गर्ने गर्दछन् । विशेषगरी भगवान विष्णुले हातमा लिने शंख र चक्र तथा देवीले हातमा लिने खड्गलाई ईश्वरको रूपमा पूजाआजा गर्ने आम हिन्दु प्रचलन रहेको छ ।

यस्ता आयुधहरूलाई पुरुष देवताको रूपमा मूर्ति बनाएर तथा आयुध मात्रलाई पनि पूजा गर्ने गरिन्छ । यस्ता आयुधका पुरुष आकारका मूर्तिलाई शंख पुरुष, चक्र पुरुष वा खड्ग पुरुष पनि भन्ने गरिन्छ । यस्तै खड्ग पुरुष अथवा खड्ग मात्रलाई पनि खड्ग देवता भन्ने गरिन्छ ।

विष्णुले लिने आयुधका देवताहरू विष्णुका प्रतिक मानिन्छन् भने देवीले लिने खड्ग देवता मातृशक्तिको प्रतिक मानिन्छ। यी खड्गदेवतालाई भने देवीको प्रतिक मानेर पूजा गर्ने परम्परा रहेको छ ।

पुरातत्व विभागले वि.सं. २०४५ मा प्रकाशित गरेको सम्पदा सर्वेक्षण प्रतिवेदनमा यो मन्दिर २८० वर्षअघि बनेको भनिएको छ ।

यस आधारमा यो मन्दिर आजभन्दा करिब ३१५ वर्ष अघि बनेको देखिन्छ । यहाँ कुनै मूर्तिहरू रहेका छैनन् । देवीका आयुध मानिने खड्ग र त्रिशूलहरू मात्र रहेका छन् । यसलाई दुई कोठा भएको कोतघरको शैलीमा निर्माण गरिएको छ । पश्चिमतर्फ फर्काएर बनाइएको यो मन्दिरमा दुईवटा कोठाहरू रहेका छन् । एउटा कोठामा पूजा गरिने र अर्को कोठामा खड्गहरू भण्डार गरिएको छ । ढुङ्गा तथा माटोको पर्खालबाट यो संरचना निर्माण भएको छ ।

यो खड्गदेवताको मन्दिरमा पनि बडादसैं र चैतेदसैंको अवसरमा पूजाआजा हुने गर्दछ । नवदुर्गा अवधिभर यहाँका खड्गहरूलाई दुर्गाको रूपमा स्थापना गरेर यसमै पूजा गरिन्छ र पशुबली चढाउने गरिन्छ। दसैंको अवसरमा यो धार्मिक स्मारक परिसरमा स्थानीय मानिसहरूको मेला लाग्ने गर्दछ ।

भाषा सिकौं
कोरिया तथा जापान जाऔं

- नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
- एकपटक भर्ना भएपछि इग्जामको डेटसम्म पढ्न मील्ने ,
- सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलव्ध गराईने ,

बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०

द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान

जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
☎ ९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।

# मुटुरोग कसरी नियन्त्रण गर्ने ?

***मुटु रोग लाग्न नदिनका लागि नियमित रुपमा शारीरिक व्यायाम गर्ने, आहारव्यहारमा ध्यान दिने र नियमित स्वास्थ्य परीक्षण तथा मानसिक तनावबाट मुक्त हुनेगरी बाँच्ने हो भने मुटु रोग लाग्न नदिन सकिन्छ।***

**डा. मिलन प्रकाश श्रेष्ठ**

परिचय - मुटुरोग विभिन्न किसिमको हुन्छ। आमाको कोखमा हुँदा देखिनै समस्याहरू लिएर जन्मने जन्मजात मुटुका रोग हुन्छ। दोस्रोमा पाँच वर्षदेखि १५ वर्षसम्मका बच्चाहरूमा मुटुको बाथ रोगको समस्या हुन्छ। यसले मुटुको भल्ब र मुटुमा क्षति पुऱ्याउने गर्दछ। समयमै उपचार हुन नसके यो रोगबाट बालबालिकाको मृत्युसम्म पनि हुनसक्छ। कहिलेकाहीं पहिला कुनै पनि लक्षणहरू देखा नपर्ने र पछि मात्र संकेतहरू देखापर्ने मुटुको बाथरोग मा मुटुका भल्बहरूमा क्षति पुर्याइसकेको अवस्थामा रोग को पहिचान हुने गर्दछ। शुरुमा खाने औषधिद्वारा मात्र बिरामीको उपचार गर्ने गरिन्छ तर समस्या ठूलै भएमा र मुटुमा क्षति पुगिसकेको अवस्थामा विरामीको भल्ब नै फेर्ने शल्यक्रिया नै गर्नुपर्ने पनि हुनसक्दछ।

त्यस्तैगरी पहिला ६० वर्षको उमेरमा देखापर्ने भनिएको मुटुरोग आजभोलि ४० वर्षको आसपासमा नै देखा पर्न थालेको छ। त्यो अर्को प्रकारको मुटु रोग हो। जसलाई हामी कोरोनरी आर्टरी डिजिज भनिन्छ। यस रोगमा मुटुका मांसपेशीहरुमा अक्सिजन सप्लाई गर्ने मुटुका रक्तनलीहरू सागुरिने र मांसपेशीमा अक्सिजन को कमी भइ छाती दुख्ने हुन्छ। यसको समयमै पहिचान र सही उपचार गर्न नसके यसले हृदयाघात पनि गराउने गर्दछ, यो तेस्रो प्रकारको मुटुरोग हो। त्यस्तै चौथोमा हार्टफेलियर अर्थात् मुटुले पूर्णरूपमा काम गर्न नसक्ने अवस्थालाई पनि मुटुरोग मानिन्छ।

माथिका तीनवटै अवस्था वा मुटुको चाल गडबडीले पनि हार्टफेलियर समस्या देखा पर्न सक्दछ। समयमै उपचार हुन नसकेमा यसले बिरामीको ज्यानसम्म लिन सक्दछ। मुटुको चाल गडबड हुने पनि मुटुरोगकै रुपमा लिने गरिन्छ। यसले पनि बिरामीको ज्यान लिन सक्दछ। मुटुसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले ब्लड प्रेसर लाई पनि अहिले मुटुरोग कै रूपमा लिन थालिएको छ।

### मुटुरोगका लक्षणहरू

बिरामीलाई मुटुरोग लागेको कुरा थाहा पाउने तरिका भनेको सामान्य हिँड्दौड गर्दा पनि बिरामीलाई स्वा स्वा हुन्छ भने यो प्रकारको मुटुरोगको संकेत हुन सक्दछ। सामान्य हिडडुल गर्दा पनि छाती दुख्ने, सामान्य भारी बोक्दा पनि छाती दुख्ने भयो भने यो मुटु रोगको अर्को लक्षण हो।

अनावश्यक रूपमा मुटुको चाल बढी मुटुको धड्कन बढ्छ भने यो पनि अर्को एउटा मुटु रोगको लक्षण हो। बिरामीको दुईटै खुट्टा कहिलेकाहीँ सुनिन्छ भने पनि मुटुरोगको संकेत हुन सक्दछ। बाटोमा हिँड्दै गर्दा भन भन रिंगटा लाग्नु, ढल्नु, बेहोस हुनु पनि मुटुरोको लक्षण हुनसक्छ।

### शहरमा बढ्दै मुटुरोग

आजभन्दा २० वर्ष अगाडि जनचेतनाको अभावका कारणले मानिसले मुटु रोगको सेवा लिने मात्रा कम थियो। आज आइपुग्दा यो सङ्ख्या बढेको देखिन्छ। नेपालमा यसको सङ्ख्या बढ्दै गइरहेको छ। यसरी मुटुरोग बढ्नुको मुख्य कारण भनेको खानपान, धुम्रपान, मध्यपान, अत्यधिक मानसिक तनाव, सुगर, कोलिस्टोरेल, ब्लड प्रेसर जस्ता कारणले पनि नेपालमा मुटुरोगका बिरामीहरू बढिरहेका छन्।

सहरी क्षेत्रमा पछिल्लो समयमा मुटु ब्लक हुने रोग ह्वात्तै बढेर गएको देखिन्छ। सहरी क्षेत्रमा प्रेसर, सुगर र कोलिस्टोरेलका बिरामीहरू अत्याधिक मात्रामा पाइने हुँदा मुटु ब्लक हुने बिरामीको सङ्ख्या बढेको हुनसक्छ।

सहरी क्षेत्रको जनताको चेतना स्तर र सहज रुपमा स्वास्थ्य सेवा प्राप्त हुने हुँदा पनि हुनसक्छ, त्यहाँका मानिसहरुमा बढी मात्रामा सुगर प्रेसरको समस्या र औषधि सेवन गरिराखेको पाइएको हुनसक्छ। यसरी सहज रुपमा स्वास्थ्य उपचार प्राप्त गर्ने हुँदा पनि मुटुरोगको संख्या बढेको अनुमान लगाउन सकिन्छ जुन कुरा ग्रामीण भेगमा सम्भव प्राय हुँदैन त्यसैले ग्रामीण भागमा कम देखिएको हुनसक्छ। युवा अवस्थामा भने चुरोट, सुर्तीजन्य पदार्थ र जाँडरक्सी खाने, नियमित शारीरिक अभ्यास गर्ने बानी नहुनु र मानसिक तनाव युक्त कार्यहरूले पनि यो समस्या बढेको हुनसक्छ।

### सहज छैन ग्रामीण क्षेत्रमा उपचार

विगत १० वर्षभन्दा आजको दिनमा सहरी क्षेत्रमा सहज रुपमा मुटुरोगको उपचार गराउन सक्ने गरी सेवा सुविधाहरु प्राप्त गर्न सकिन्छ। जसले गर्दा ठूलो संख्यामा मानिसहरुले मुटु रोगको समस्याबाट छुटकारा पाउने अवसर मिलेको छ। देशका मुख्य सहरहरुमा सरकारी अस्पतालमै पनि मुटुरोग को उपचार पहिला भन्दा विस्तारित भए पनि ग्रामीण भागमा अझै पनि सहज रुपमा मुटुरोगका सेवाहरू प्राप्त गर्न नसक्ने हुँदा अझैपनि ठूलो संख्यामा मुटु रोगका बिरामीहरु स्वास्थ्य सेवाबाट वञ्चित भएका जस्तो देखिन्छ।

### बच्ने उपायहरू

मुटु रोग लाग्न नदिनका लागि नियमित रुपमा शारीरिक व्यायाम गर्ने, आहारव्यहारमा ध्यान दिने र नियमित स्वास्थ्य परीक्षण तथा मानसिक तनावबाट मुक्त हुनेगरी बाँच्ने हो भने मुटु रोग लाग्न नदिन सकिन्छ। मध्यपान, धुम्रपान लगायत खराब आचरणलाई राज्यले कडैकडाउका साथ नियन्त्रण गर्ने हो भने पनि मुटुरोगको समस्यालाई न्यूनीकरण गर्न सकिन्छ।

जनचेतना फैलाएर ३० वर्षभन्दा माथिका मानिसले नियमित रुपमा प्रेसर, सुगर र कोलिस्टरको चेकजाँच गराउने गर्दा पनि मुटुरोगको समस्यालाई न्यूनीकरण गर्न सकिन्छ। आफ्नो हाइट अनुसारको शरीरको मोटाईपन व्यवस्थापन गर्न सकियो भने पनि मुटुरोग कम गर्न सकिन्छ। मानसिक चिन्ताबाट पनि मुक्त हुन सकियो भने मुटु रोगलाई रोक्न सकिन्छ। दैनिक अधिकतम आठ घण्टा मात्र काम गर्ने र मानसिक चिन्ताबाट मुक्त हुने र पर्याप्त निन्द्रा पुर्याउने गर्दा पनि मुटुरोगको समस्यालाई कम गराउँदछ। मुटुरोका लक्षणहरू देखा परे भने तुरुन्तै स्वास्थ्य चौकीमा अथवा अस्पताल गएर चेकजाँच गराउने गर्नुपर्दछ। जसले पनि मुटु रोगका गम्भीर समस्याहरु निम्तिनबाट बचाउने गर्दछ।

### नियन्त्रणमा भएका सरकारी प्रयास

त्रिवि शिक्षण अस्पताल र गङ्गालाल अस्पतालले १५ वर्ष मुनिका र ७० वर्ष माथिका मुटुरोग बिरामीलाई विभिन्न आर्थिक सुविधा प्रदान गरी मुटुरोगका बिरामीहरूको सहुलियतपूर्ण उपचार गर्ने गरेको छ। आर्थिक अवस्था विपन्न भएका परिवार र बिरामीलाई विभिन्न किसिमका सहुलियतपूर्ण उपचार गर्ने गरेको छ। आर्थिक अवस्था विपन्न भएका परिवार र बिरामीलाई विभिन्न किसिमका सहुलियतहरु दिएर पनि उपचार गर्ने गरेको छ।आजको दिनमा काठमाडौँ सहरमा मात्र केन्द्रित रहेका यी सेवाहरू प्रदेश अस्पताल र स्थानीय अस्पतालहरूमा उपलब्ध गराउने हो भने ठूलो मात्रामा मुटुरोगका बिरामीहरू लाभान्वित हुने थियो। जुन कार्य आजका दिनमा सरकारी स्तरबाट हुनुपर्ने थियो हुन सकिराखेको छैन यसतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

### नेपालमै विश्वस्तरीय उपचार सम्भव

विश्वस्तरमा प्राप्त हुने मुटुरोगका समस्याहरूको उपचार नेपालमा पनि उपलब्ध छ, ती कुराहरूको जानकारी नहुँदा पनि मुटुरोगका समस्याहरू बल्झिराखेका छन्। नेपालमा प्राप्त हुने मुटुरोगका सेवाहरूसँग विश्वस्तरमा प्राप्त सेवासँग तुलना गर्न सकिने स्तरमा छ। ती सेवाहरू बिरामीहरूले लिएर आफ्नो मुटुरोगको समस्याबाट छुटकारा पाउन सक्दछन्।

सर्वप्रथम त मुटुरोग लाग्न नदिनु नै उत्तम उपाय हो। जसका निम्ति माथि उल्लेखित उपायहरु र नियमित शारिरिक अभ्यास मानसिक चिन्ताबाट मुक्त हुने कार्यहरु गर्नु पर्दछ। मुटुरोग लागिसकेपछि पुरानै स्थितिमा बिरामीलाई फर्काउन मुस्किल पर्दछ। त्यसो हुँदा मुटुरोग लाग्नै नदिनु पर्दछ। (लेखक मुटुरोग विशेषज्ञ हुन् )

साभारः स्वास्थ्य खवरबाट

---

## गाउँपालिकाबासीलाई अनुरोध

- ● विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- ● विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- ● विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- ● भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपद बारे सचेत रहौं,
- ● भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- ● विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- ● उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ सहभागी बनौं।

**अनुरोधक :**
**सरुमारानी गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय,बड्डाँडा, प्यूठान**

---

## स्वास्थ्य कार्यालय प्यूठानको झाडापखालासम्बन्धी सन्देश

हाल प्यूठान जिल्लाका केहि स्थानहरुमा झाडापखाला रोग लागेका ; हैजाको चिन्ह तथा लक्षण भएका बिरामीहरु देखा परेको र २ जनामा हैजाको संक्रमण पुष्टी भईसकेको हुदाँ सबैले साबधानी अपनाउनुहुन अनुरोध छ।

हैजा "भिब्रियो कोलेरा" नामक जिबाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला सम्बन्धी रोग हो। यो रोग संक्रमित ब्यक्तिको दिसाको माध्यमबाट बाहिरी बातावराणमा पुग्दछ र स्वस्थ मानिसमा दुषित खाना वा पानीको माध्यमबाट सर्दछ। गर्मी तथा बर्षायाम सुरु भएसँगै झाडापखाला , हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन जरुरी छ।

पखालाको जोखिममा कुन समुह बढि पर्दछन् ?
- स्तनपान नगराइ बोतलको दुध खुवाइएका बच्चाहरु।
- कुपोषित बालबालिका ,दुषित खाना र पानी सेवन गरिरहेका व्यक्तिहरु ।
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिएका व्यक्तिहरु ,खोप नपाएका बच्चाहरु।
- घर बाहिर बढि हिड्डुल गर्ने , बाहिर खाना खाने व्यक्तिहरु।

**हैजाका लक्षणहरु:**
-पातलो चौलानी पानी जस्तो दिसा हुने।
-वाकवाकी लाग्ने र बान्ता हुने ,कडा किसिमको जलवियोजन हुने।
- पेट दुख्ने ,ज्वरो आउने ,असाध्यै तिर्खा लाग्ने।

हैजाबाट बच्ने उपायहरु :
-खुला ठाउँमा दिसा /पिसाब नगर्ने , चर्पिमा माात्र दिसा पिसाब गर्ने।
-दिसा पिसाब गरिसकेपछी साबुनपानीले अनिवार्य मिचिमिचि हात धुने।
-खाना बनाउनु , खुवाउनु र खानु अघि साबुन पानीले मिचिमिची हात धुने।
-पानी उमालेर , सोडीस गरेर , फिल्टर गरेर वा पानीमा क्लोरीन झोल मिलायर मात्र पिउने।
- बासी , सडेगलेको , काँचो र झिङ्गा बसेको खानेकुराहरु नखाने।
-खानेपानीको मुहान सफा र सुरक्षित राख्ने र बेलाबेलामा पानीको जाँच गराउने।
-बर्षायाममा बाहिर बाहिर वा जंगलमा जाँदा घरैबाट शुद्ध पानी बोकेर जाने, खोलाको पानी नपिउने।

**घरेलु उपाय :**
- झाडापखाला हुँदा शरिरबाट धेरै पानी खेर जाने हुँदा जलबियोजन भएर मृत्यु पनि हुन सक्ने भएकाले झाडापखाला हुन साथ १ लिटर सफा पानीमा १ पुरिया जीबनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने।
-प्रशस्त मात्रामा सफा झोल खानेकुराहरु पटक पटक दिने।
-नरम तथा सजिलै पच्ने खानेकुराहरु पटक पटक खुवाईरहने।
- स्वास्थ्यकर्मीले सिफारीस गरे अनुसार जिङ्क चक्की नबिराईकन खुवाउने।
-व्यक्तिगत सरसफाईमा ध्यान दिने , र स्वच्छ पानी तथा खाना खाने।

थप जानकारीको लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने वा महिला सामुदायिक स्वंयम् सेविकासंग सल्लाह लिने।

**अनुरोधक :**
**स्वास्थ्य कार्यालय, प्यूठान**

# नदीजन्य ढुङ्गा, गिट्टी, ग्रावेल वालुवा सङ्कलन र विक्री सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सुचना नं.१ सूचना प्रकाशित मिति -२०८१/०६/१५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दफा ९ (१) को अनुसूची ६, ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस गौमुखि गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०६/१० गतेको निर्णय बमोजिम आ.व.२०८१/८२ का लागि देहाय बमोजिमको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले गाउँ कार्यपालिकाबाट तोकिएको दररेटमा गौमुखि गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परिमाण मध्ये देहायको परिमाणको ढुङ्गा, गिट्टी, र वालुवा आदि नदीजन्य पदार्थको संकलन तथा विक्री करहरुको असुली सम्बन्धी कार्य गर्नको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म दर्ताको नबिकरण सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | संकलन तथा विक्रि क्षेत्र | संकलन तथा विक्रि परिमाण | विक्री शुल्क रु प्रति क्यूव फिट(मू.अ.कर बाहेक) | न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|
| **1-GRM-PYU-SQ-G-2081/082** | पातिहाल्ना क्षेत्र छहरेखोला क्षेत्र | १,२३,१५८ क्यू फिट | रु. ६ | रु.७,३८,९४८।०० | मू.अ.कर र अग्रिम आय कर सहित कबोल अंङ्को ५%ले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको वैंक जमानत |
| **2-GRM_PYU-SQ-G-2081/082** | आगावेशी क्षेत्र हार्जाखोला क्षेत्र | ५७,०४९ क्यू फिट | रु.६ | रु.३४२२९४।०० | मू.अ.कर र अग्रिम आय कर सहित कबोल अंङ्को ५%ले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको वैंक जमानत |

१.दरभाउपत्र फाराम खरिद गर्न सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र रु १००० (पछि फिर्ता नहुने गरी) वुझाई उल्लिखित समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ।

२.सिलवन्दी दरभाउ पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामवाट यस गाँउपालिकाको नाममा सम्वोधन गरी सिलवन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी सिलवन्दी लाहाछाप लगाई खामको वाहिर कामको विवरण, ठेक्का सूचना नं. समेत उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। सो समयभित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि सिलवन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. सिलवन्दी दरभाउ पत्र फाराममा दरभाउपत्रदाताले कबोल गरेको कुल कवोल अंकको (मूल्य अभिवृद्धि कर सहित) ५ प्रतिशत धरौटी रकम गौमुखि गाउँपालिकाको कार्यालयको नाममा रहेको नेपाल एस विआई बैक ठुलाबेशी शाखामा रहेको गौमुखि धरौटी खाता नं. ४१४९५२४१२०७००२ मा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय वीस ) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी रकम जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ। कार्यालय कोड न 8010555504, राजश्व शिर्षक न 14213 रहेको छ।

४. दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। टिपेक्स लगाई वा पेन्सिलले लेखेकोलाई मान्य दिइने छैन।

५. ठेक्काको स्वीकृत पश्चात तोकिएको समयभित्र सम्झौता हुनुपूर्व नै मू.अ.कर सहितको कवोल रकमको एकमुष्ट रकम वुझाएमा दश प्रतिशत छुट दिइने छ। सो नभए प्रथम किस्तामा मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा १ वर्षसम्म म्याद सहित जारी गरीएको बैंक जमानत ;मेत पेश गरी पट्टा लिनु पर्नेछ।

६. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ। मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको सिलवन्दी दरभाउपत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिने छ।

७. ठेक्का संचालनको सिलसिलामा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ।

८. गौमुखि गाउँपालिकाको कार्यालयलाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

९.ठेक्का सम्झौता अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट बैंक जमानत जफत गरिने छ।

१०.ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८२ साल जेष्ठ मसान्तसम्म हुनेछ। तर नदीजन्य सामग्रीको उत्खनन/संकलन अवधि ठेक्का सम्झौता भएको मितिबाट २०८२ जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

११. नदीजन्य सामग्रीहरु संकलन तथा विक्रि गर्दा माथि उल्लिखित नदी तथा खोलाहरुवाट मात्र गर्न पाईने छ। साथै सो उत्खनन सम्बन्धी स्वीकृत (IEE) प्रतिवेदनको विस्तृत विवरण सिलवन्दी दरभाउपत्रसाथ उपलब्ध गराईने छ।

१२. सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ।

१३. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गौमुखि गाउँपालिकाको कार्यालयमा निहित रहने छ।

१४. जिल्ला अनुगमन तथा समन्वय समिति र गौमुखि गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिने छ।

१५.(IEE) प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र संकलन र विक्रि गर्न पाईनेछ। यसरी उत्खनन गरेको परिमाणको लगत प्रत्येक १/१ महिनामा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामग्री संकलन तथा विक्रि भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन। यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलान पूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन।

*गौमुखी गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यालय*
*पुजा, प्यूठान*

---

## छोटकरी

# प्यूठानमा ५ लाख ३५ हजार विद्युत बक्यौता उठ्न बाँकी

**बिबस जि.एम.**
प्यूठान

प्यूठानमा गत आर्थिक वर्षको ५ लाख ३५ हजार रुपैयाँ विद्युत बक्यौता उठ्न बाँकि रहेको छ। विद्युत बक्यौता उठाउनका लागि प्राधिकरणले ५ सय ३९ ग्राहकको लाईन काटेकोमा ४१ ग्राहकले अझै नजोडेको नेपाल विद्युत प्राधिकरण प्यूठान वितरण केन्द्रका कार्यालय प्रमुख महेन्द्र कुमार दासले बताए।

कार्यालयले गत आर्थिक बर्षमा जिल्लामा ५ सय ३९ ग्रहाकको लाइन काटेको थियो। लाईन काटेकामध्य ४ सय ९८ ग्रहाकले तिर्नबाँकि महसुल २५ लाख ४४ हजार बुझाएका छन्। उठ्नुपर्ने ३० लाख ७९ हजार मध्ये ५ लाख ३५ हजार बाँकि रहेको प्रमुख दासले बताए।

प्राधिकरणले २ महिनासम्म महशुल नतिर्नेको लाईन काट्ने नियमको ब्यवस्था गरेको छ। १ सय ८० दिनसम्म महशुल नतिर्नेको लाईन काटिएको प्रमुख दासले बताए। साथै प्राधिकरणको नियमानुसार विद्युत रिडिङ भएको एक हप्तासम्म २ प्रतिशत छुट, १५ दिनसम्म बिलबमोजिमको महशुल तिर्नुपर्ने ब्यवस्था छ। त्यस्तै १६ दिनपछि एक महिनासम्म ५ प्रतिशत, ४० दिनसम्म १० प्रतिशत र सो भन्दा लामो समयको बक्यौता रहेमा २५ प्रतिशतसम्म जरिवाना लाग्ने गर्दछ।

---

# माओवादी केन्द्र र क्रान्तिकारी कम्युनिस्ट पार्टीबिच तत्काल एकता हुँदैन: पोखेल

**झुलेनी पोष्ट**
प्यूठान

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सचिवालय सदस्य धनेश्वर पोखेलले प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्र र वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालबिच तत्काल एकता नहुने बताएका छन्।

उक्त पार्टीको जिल्ला सङ्गठन समिति प्युठानले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै पोखेलले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल इमानदार क्रान्तिकारीहरूसँग धुर्विकरणको पक्षमा भए पनि तत्काल कम्युनिस्ट नाम हुने जोकोहीसँग एकता सम्भव नभएको बताए। जुन कुरा गर्ने त्यही कुरा मात्र बोल्नेहरूसँग मात्र सहकार्य टिकाउ हुने उनको बुझाई छ। शुक्रवार प्युठानको जुम्रीमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला सङ्गठन समिति प्युठानले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै पोखेलले कम्युनिस्ट आलोचित हुनुमा सत्य नबोल्नु मुख्य कारण रहेको दाबी गरे।पार्टीले राष्ट्र, राष्ट्रियता, जनतन्त्र, जनजीविकाका हरेक समस्या उठाउँदै सरकारले गरेका गलत कार्यहरूलाई खबरदारी गर्दै आएको भन्दै एजेण्डा मिल्नेसङ कार्यगत एकता हुनसक्ने बताए। तपाईँहरूको पार्टी किन खुम्चिँदै छ नि ? भन्ने पत्रकारको प्रश्नमा पोखेलले अरू कम्युनिस्ट नामका पार्टीहरूले जनतामा छरेको भ्रम र कतिपयमा देखिएको लालसाका कारण आकारमा त्यस्तो देखिए पनि जनताका मुद्दा उठाउनेमा पार्टी अगाडी रहेको दाबी गरे।

---

# बीमा लेख हराएको सूचना

प्यूठान नगरपालिका वडा नं. -४ निवासी म शुशिल भण्डारी गत २०८१ भाद्र ७ गतेका दिन जुम्री देखि खलगां जाने क्रममा मेरो एशियन लाईफ इन्सुरेन्स संग संबन्धित मेरो छोरा रक्की भण्डारीको नाममा रहेको विमा लेख नम्बर ५४०९०००४४८५ र अर्को छोरा विक्की भण्डारीको नाममा रहेको विमा लेख नम्बर ५४०९०००४४८६ को ग्राहक प्रति बीमालेख हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न सम्पर्क नं वा नजिकको प्रहरी चौकीमा बुझाई दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

अनुरोधक
शुशिल भण्डारी
सम्पर्क ९८६६१८७५८२
प्यूठान नगरपालिका वडा नं. -४ प्यूठान

---

# हार्दिक अनुरोध

जथाभावी रुपमा गरिने वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :

- खाली ठाउँमा वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारामा, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

**अनुरोधक :**
**डिभिजन वन कार्यालय,प्यूठान**

# नागबेलीका किसानलाइ मुर्रा क्रस भैंसी

**झुलेनी पोष्ट**
प्यूठान

नागबेली बहुउद्देश्यीय कृषि सहकारी संस्थाले किसानलाइ मुर्रा क्रस भैंसी वितरण सुरु गरेको छ । शुक्रवार एक कार्यक्रमका बिच १० वटा उन्नत जात मुर्राक्रस भैसी बितरण गरेको हो ।

कार्यक्रमअन्तरगत छनोट भएका ३४ मध्य पहिलो चरणमा १० कृषकलाई वितरण गरिएको सहकारीका अध्यक्ष विष्णु पाण्डेले बताए। कृषकले चिट्ठाको माध्यमबाट भैंसी छनोट गरेका थिए। ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना बुटवलको आर्थिक सहयोगमा कृषकको ५० प्रतिशत लागतमा भैसी बितरण गरिएको पाण्डेले बताए ।

भैसी वितरण कार्यक्रमकामा बोल्दै प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णु बहादुर योगीले दुध र तरकारीका क्षेत्रमा प्यूठान नगरपालिकालाइ आत्मनिर्भर बनाउने योजना रहेको बताए । योगिले किसानले पाल्दै आएका भैसीहरुको निशुल्क बिमा गरिदिन पहल गर्ने बताए।

नागवेलीले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, भैंसी पालन दूध उत्पादन तथा बजारीकरण उप-आयोजनाको ६८ लाख र लाभग्राही कृषकको ६८ लाख गरी १ करोड ३६ लाखको परियोजना सञ्चालन गरेको छ।

उक्त परियोजना अन्तर्गत भैंसी तथा राँगा वितरण सँगसँगै पूर्वाधार(गोठ) निर्माण, उन्नत भैंसी खरिद, मोटर सहित च्याँपाकटर खरिद, दाना मिल, मिल्क चिलिंगभ्याट, पावरटिलर खरिद, मिल्क एनालाईजर, औषधी खरिद, दाना खरिद, सिप तथा क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन हुने पाण्डेले बताए । किसानले पाउने ४२ मुर्रा क्रस भैंसी मध्य शुक्रवार १० वटा वितरण गरिएको थियो। अर्को हप्ता थप भैसी बितरण गरिने अध्यक्ष पाण्डेले बताए ।

बडा दसैंको शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, किसान, ग्राहकवर्गमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

कृषि तथा भेटेरिनरी सम्बन्धि सम्पूर्ण सेवा तथा सामग्री र औषधि उपचारका लागि हामीलाई सम्झनुहोस ।

प्रो. प्रेम हमाल र बाबुराम न्यौपाने
कालिका एग्रो भेट
प्यूठान नगरपालिका-४ बिजुवार, प्यूठान
सम्पर्क: ९८४७८२०००९,९८४७८२००००

बडा दसैंको शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, स्वास्थ्यकर्मी समाजसेवी लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

डा. लेखराज सुवेदी
समाजसेवी
प्यूठान नगरपालिका-४ टारी, प्यूठान

बडा दसैंको शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, विमाको सम्पूर्ण शाखामा कार्यरत कर्मचारी, बिमित, अभिकर्ता लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्मराज अधिकारी
शाखा प्रवन्धक

SuryaJyoti
जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनि लिमिटेड
प्युठान शाखा, बाग्दुला 086410144

बडा दसैंको शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, यातायात व्यवसायी, यात्रु, ,चालक, सहसंचालक लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यस प्रा.लि.द्वारा चाडपर्व लक्षित तथा ग्राहकको सुविधालाई मध्यनजर गर्दै अनलाइन टिकट बुकिङ खुल्ला गरेको जानकारी गराउदछौ ।

चन्द्रमान श्रेष्ठ
अध्यक्ष
एवं
स्वर्गद्वारी गौमुखी यातायात सेवा पा.लि
प्यूठान

बडा दसैं शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, कर्मचारी, राजनितिक दल, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, समाजसेवी, बुद्धिजिवी, किसान एवं सम्पुर्ण प्युठान नगपालिका-६ बासीमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जन्म,मृत्यू,विवाह,बसाईसराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा आई दर्ता गरौं ।

सुमन पुनमगर
वडा सचिव

नरेन्द्र पुन (एन.पि.)
वडा अध्यक्ष

प्यूठान नगरपालिका
वडा नं. ६ को कार्यालय बिजुवार , प्यूठान

बडा दसैंको शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, कर्मचारी, राजनीतिक दल, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, समाजसेवी, बुद्धिजिवी, किसान एवं सम्पुर्ण प्युठान नगपालिका-४ बासीमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जन्म,मृत्यू,विवाह,बसाईसराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा आई दर्ता गरौं ।

सावित्रा के.सी.
वडा सचिव

रेशम कार्की
वडा अध्यक्ष

प्यूठान नगरपालिका
वडा नं. ४ को कार्यालय बिजुवार , प्यूठान

## उद्योग, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

**उपभोज्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।**

- उद्योगी, व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य  मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौ ं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिन गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
- उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति , मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं।
- प्लाष्टिकका झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएका, कमसल  वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारी गरौं।

अनुरोधक :

**घरेलु तथा साना उद्योग कार्यालय**

**खलंगा, प्यूठान**

## अवैज्ञानिक....

राजनीतिक दलका नेताहरूले पनि अब आर्थिक क्रान्तिको पालो भन्ने गरेका छन् । तर, आवधिक योजनाले लिएको लक्ष्य र उद्देश्य पूरा गर्न तथा हरेक वर्ष सरकारले नीति तथा कार्यक्रममार्फत सार्वजनिक गर्ने कार्यक्रम भने कार्यान्व्यन हुन सकेको छैन। लगानी गर्न सके मात्रै उत्पादकत्व बढ्ने हो । लगानीको वातावण अझै बन्न सकेको देखिँदैन ।

विदेशी लगानी नभित्रिएसम्म देशको विकासले गति लिनसक्ने अवस्था आउँदैन । जबसम्म विदेशी लगानी भित्रिँदैन तबसम्म देशको विकासले अपेक्षाकृत फड्को मार्न सक्दैन ।

नेपालको अन्तर्राष्ट्रिय श्रम सम्बन्ध कमजोर रहेको छ । औद्योगिक पूर्वाधारको काम कछुवा गतिमा अघि बढिरहेको छ । ऊर्जा संकट अझै हट्न सकेको छैन । औद्योगिक क्षेत्रमा अझै पनि अघोषित लोडसेडिङ भइरहेको छ। लगानीमैत्री वातावरणको सिर्जना गरी स्वदेशी एवं विदेशी पुँजी, प्रविधि, सीप हस्तान्तरण हुन सक्ने वातावरण तय भएको छैन ।

अर्थतन्त्रका सूचकहरु सन्तोषजनक छैनन् । सत्ता राजनीतिमा कर्मचारीदेखि राजनीतिक दलका नेता र उनका आसेपासेले आफैं डाडु पन्यु चलाइरहेका छन् ।

आफ्ना बफादारमार्फत सम्पत्ति आर्जन गर्नु उनीहरुको ध्येय रहेको छ । यही सम्पत्ति आर्जनको कारण खोला नाला अतिक्रमको चपेटामा परेका हुन् ।

विकास र समृद्धि नेता एवं कर्मचारीका लागि मात्र होइन ।

यो त आमजनताका लागि हो। खासगरी भौतिक र आर्थिक विकासलाई समृद्धि भनिन्छ । कुनै समाज वा मुलुकमा आर्थिक, सामाजिक, भौतिकसँगै नागरिकको जीवनस्तर, खुसी र सुखको स्तरलाई समृद्धिले मापन गर्ने गर्छ ।

राज्य संयन्त्रले वैज्ञानिक विकासको कार्यलाई अघि बढाउन नसकको कारण विकासको नाममा विनास निम्तिएको हो । आज देशमा दुई दिन वर्षा हुनासाथ ठूलो धन जनको क्षति भएको यथार्थलाई आत्साथ गर्दै भोलिका दिन योभन्दा ठूलो प्राकृतिक रौद्र रूप नआउला भन्न सकिन्न ।

त्यतिखेर हुन सक्ने क्षतिलाई अहिले नै राजनीतिज्ञ, राज्य सञ्चालन गरिरहेका नेतृत्व वर्ग र नीति निर्माण तहमा रहेका कर्मचारी संयन्त्रले सोच्नुपर्ने भएको छ। नत्र भोलिको दिनमा पनि विकासको नाममा हुने अवैज्ञानिक कार्यले विनाशबाहेक अरू ल्याउन सक्दैन ।

थाहाखवरबाट साभार

## जङ्गलबाट......

बताए । कुसुन्डाहरु ४० वर्ष अघि गाउँ पायक पर्ने गाउँ छेउका जङ्गलमा बसोबास गर्दथे । गाउँलेले जङ्गलमा आगो लगाइदिने, खानेकुराको अभाव, जङ्गलमा पहिरो जाने जस्ता थुप्रै कठिनाईबाट जोगिन गाउँमा आइ समाजिकीकरणमा घुलमिल भएको उनको धारणा छ ।

कुसुण्डाको सहज जीवनयावन तथा राज्यले एकीकृत बस्ती निर्माण गरी थुप्रै लाभ लिनु पर्ने शोधकर्ता आलेको तर्क छ। लोपोन्मुख कुसुण्डा जातिको शब्दकोष निर्माण भएको छ । अहिले भाषा संरक्षणको लागि त्यो शब्दकोषको प्रयोग हुन सुरू भएको छ । भाषा आयोगले दाङ्मा १७ कुसुन्डा र ३ गैर कुसुण्डाले कुसुण्डा भाषा अध्ययन गरिरहेको जानकारी दिए । तर छरिएको बस्ती हुँदा भाषा दिगो संरक्षणमा कठिनाई हुने बताए । एकीकृत बस्ती विकास गरी दुई सय नपुगेको जनसङ्ख्यालाई एकै ठाउँमा राख्ने, भाषा तथा उनीहरुको संस्कृति संरक्षण गर्ने काम राज्यले गरे उनीहरु अध्ययनको पात्र बन्ने, पर्यटन क्षेत्र सम्भावना बढ्दा राज्यले समेत लाभ लिने अवसरमा ध्यान नपुगेको गुनासो गरे ।

अहिले दैनिक ज्यालादारीको श्रम गरेर जीवन निर्वाह गरिरहेका छन् । प्रशस्त जग्गा जमिन नभएका उनीहरु रोजगारी र उच्च शिक्षाका लागि सरकारको मुख ताकेर बस्नु परेको छ । उच्च शिक्षाका लागि खर्चिलो हुने र धान्न नसक्ने भएपछि आफ्ना दाईभाईहरु रोजगारीका लागि भारत गएको सुरज कुसुण्डाले बताए। हाल सरुमारानी गाउँपालिकाका-६ मा ८ जना बालबालिका अध्यनरत छन् । भने उच्च शिक्षाका लागि भिमा कुसुण्डा मात्रै स्नातक तहमा पुग्न सफल भएकी छन् । आफ्नी बहिनीलाई भाषा संरक्षण अध्ययन तथा उच्च शिक्षाका लागि दाङ पठाइएको छ । भने अन्य बालबालिकाको उच्च शिक्षाको भविष्य अन्यौलता रहेको सुरजको भनाइ छ।

## प्यूठान अस्पताल.....

सेवा रहेको प्यूठान अस्पतालमा नयाँ भवन निर्माण भएपछि सघन सर्जन, आइसीयु, एनआइसीयु, भेन्टीलेटर, एचडियु, सीटी स्क्यान, डाइलाइसीस सेवा बिस्तारका लागि सहज हुने  अस्पतालका निमित्त मेडिकल सुपरिडेन्डेन्ट राजेन्द्र पौडेलले बताए। साथै प्रर्याप्त पार्किङ, इमर्जेन्सी वाडको बिस्तार, बिशेषज्ञ अनुसारको बिभाग रहने छ। सेवा विस्तारसंगै विरामि रिफर गर्नुपर्ने बाध्यता पनि हट्ने उनको भनाई छ।

प्यूठान अस्पतालमा, हार्ड जोर्नी तथा नसारोग, महिला तथा स्त्रीरोग, छालारोग, मनोरोग, फिजिसीयन, इन्टरनल मेडिसीन, रेडियोलोजिस्ट, एनेस्थेसियोलोजिस्ट लगायतका बिशेषज्ञ सेवाहरु उपलब्ध रहेको प्यूठान अस्पतालका सूचना अधिकारी बिजय चन्दले जानकारी दिए । साथै २४ सै घण्टा आकस्मिक र प्रयोगशाला सेवा, ओपिडी, फार्मेसी, प्रसुती, ओसिएमसी, अपरेसन, सुरक्षित गर्भपतन, फिजियोथेरापी, एक्सरे तथा भिडियो एक्सरे, ए.आर.टि, पोष्ट मार्टम, शल्यक्रिया, सर्पदंश उपचार, एम्वुलेन्स लगायतका सेवा उपलब्ध छन् । अस्पतालमा नयाँ सुविधा सम्पन्न भवन निमास्ण पछि अस्पतालले दिने सेवामा सुधार हुने स्थानीयले नविन गौतमले बताए । अस्पतालमा विशेषज्ञ चिकित्सकहरुलाइ टिकाइ राख्नका लागि सरोकारवालाहरुले ध्यान दिनुपर्ने उनको धारणा छ। भौतिक संरचनाको काम समयमै सम्पन्न गर्न नियामक निकाय चनाखो बन्नु पर्ने उनको भनाइ छ।

लक्ष्मी ट्रेडर्स
प्यूठान न.पा ४ जुम्री प्यूठान
सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४१०१६७०
प्रो. बद्री श्रेष्ठ
हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

## गाउँपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ सहभागी बनौं ।

अनुरोधक :
**नौबहिनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान**

---

**झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा प्रकाशित**

झुलेनी पोष्ट साप्ताहिक पत्रिकामा समाचार, सूचना, विज्ञापन, लेख, रचना पठाउनका लागि,

फोन : ०८६-५९०४३६ मा सम्पर्क गर्न सकिनेछ।
mail :jhulenipyuthan@gmail.com

---

## नगरपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ सहभागी बनौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान**

---

# क्रियाशिल पत्रकारकै छैन महासंघको सदस्यता

बोम बहादुर परियार
प्यूठान

कार्यालयमा ३ महिनादेखि लाखेको ताला अझै खुलेन
नेपाल पत्रकार महासंघ
जिल्ला शाखा प्यूठान
सूचना केन्द्र

प्यूठान जिल्लाका विभिन्न सञ्चारमाध्यममा क्रियाशिल पत्रकारहरु नेपाल पत्रकार महासंघको साधारण सदस्य छैनन् । पत्रकार महासंघले क्रियाशिल पत्रकारलाई सदस्यता नदिनु दुःखद पक्ष भएको जिल्लाका अग्रज पत्रकारहरुको भनाइ छ । यसले गर्दा पत्रकारहरुको पेशागत मुद्धा उजागर गर्ने नेतृत्वदायी संस्थाको गरिमा गुम्दै गएको छ । सदस्यता सुद्दीकरण अभियानमा महासंघले दलिय कार्यकर्ता भर्ना गर्ने प्रवृत्ती देखिएको प्रेस चौतारी प्यूठानका अध्यक्ष बासुदेव गिरीले बताए ।

लामो समयदेखि पत्रकारीतामा क्रियाशिल रेडियो महिला आवाजकी स्टेशन म्यानेजर सुशिला बुढा मगर, यसअघी रेडियो माण्डवी, रेडियो रुकुमपुवमा काम गरेका र हाल रेडियो झुलेनीमा कार्यरत बिर बहादुर घर्ती (बिबश जि.एम.), रेडियो स्वर्गभूमिमा कार्यरत सन्तोष सुनार,रेडियो माण्डवीमा कार्यरत प्रमोद ओली, रेडियो स्वर्गभूमिमा कार्यरत बबिता रिजाल, स्वर्गद्वारी अपडेटमा कार्यरत लवकुमार अधिकारी, नेपाल सरकारको राष्ट्रिय समाचार समितिका प्यूठान संबाददाता केशर सुनार, रेडियो झुलेनीमा कार्यरत भुवन सुनार, रामप्रसाद सुवेदी लगायत विभिन्न मिडियाका क्रियाशिल पत्रकारहरु महासंघको सदस्य छैनन् ।

पत्रकार महासंघ प्यूठानका अध्यक्ष सन्जय रिजाल अध्यक्ष रहेको रेडियो माण्डवीमै ४ बर्षदेखी कार्यरत प्रमोद वलीले सदस्यता नपाएको गुनासो गरेका छन । ७ बर्षदेखी पत्रकारीता गर्दै आएका हाल रेडियो झुलेनीमा कार्यरत बिवस जिएम ले २ पटक सदस्यताको लागि निवेदन दिएपनि नपाएको गुनासो गरे । त्यस्तै ५ बर्षदेखी क्रियाशिल हाल रेडियो महिला आवाजकी स्टेसन म्यानेजर रहेकी सुशिला बुढामगरले सदस्यता नपाएकोमा गुनासो गरिन ।

महासंघले समानुपातिक तवरले सदस्यता नदिएको र पाउनुपर्ने पत्रकारले सदस्यता नपाएको कारण महासंघमा ताला लगाईएको र ताला खोल्न जिल्ला शाखाले कुनै चासो नदेखाएको नेपाल प्रेस युनियन प्यूठानका अध्यक्ष मधुसुदन भण्डारीले बताए ।

अरुलाइ विधी र पद्दती सिकाउने पत्रकार महासंघले नै विधी र पद्दती नमानेपछी समस्या देखीएको प्रेस सेन्टर नेपाल प्यूठानका संयोजक टिकाराम पोख्रेलले बताए । सदस्यताको बिषयमा महासंघ प्यूठानले उस्तै प्रकृतीका राख्ने र उस्तै प्रकृतीका फाल्ने राजनितीक राजनीतिक पूर्वाग्रह राखेको उनको बुझाई छ । प्यूठानमा पत्रकारको कार्यालयमा लगाएको ताल्चा नखुलाउदा सिङ्गो महासंघ नै कमजोर बनेको पत्रकार महासंघ प्यूठानमा पूर्व अध्यक्षहरु बताउँछन् ।

सुर्खेत मापदण्डले गैरपत्रकारहरुलाई हटाउने र क्रियाशिल पत्रकारलाई सदस्यता दिने उदेश्यका लागि मापदण्ड बनाएपनि महासंघको प्यूठान शाखाले पुराना सदस्यको नविकरणका लागि गरेको सिफारिस बिबादित बनेको थियो । कार्यकालभरी एकजना पनि नयाँ पत्रकारले सदस्यता पाएका छैनन् । नेपाल पत्रकार महासंघमा कतिपय गलत नियत बोकेका मान्छेहरु प्रवेश गरेकाले सदस्यता शुद्धिकरण अभियान कार्यन्वयनमा समस्या देखिएको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं प्यूठान शाखाका पूर्वअध्यक्ष सुशील पोखरेलले बताए । पत्रकार महासंघ प्यूठानका पूर्व उपाध्यक्ष मेगराज भट्टले पत्रकार महासंघ नियमन हुन नसकेको बताएका छन । नियमन गर्ने निकाय नै कमजोर बनेपछी सामाजिक अभियान कमजोर बनेको उनको बुझाई छ ।

सदस्यता बिबादकै कारण ३ महिनाअघि कार्यसमितिकै कोषाध्यक्ष सहितले लगाएको ताला अझै खुलेको छैन । प्रेस युनियनको केन्द्रीय कार्यक्रम रहेको समयमै आफ्नै कार्यालयमा तालावन्दि गर्न प्यूठान शाखाका कोषाध्यक्ष प्रज्वल पहाडीले अगुवाई गरेका थिए ।

गत असार १५ गतेदेखि महासंघको खलंगास्थित कार्यालय र विजुवारस्थित सूचना केन्द्रमा ताला लगाईएको छ ।

केन्द्रमा बनेको कार्यदलले पहाडीसहित जिल्लाले सिफारिस गरेका केहि सदस्यको नाम हटाएको थियो । मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रको एक परियोजनामा कार्यरत पहाडीले आफ्नै सदस्यता जाने भएपछि आफु कोषाध्यक्ष रहेको शाखामा तालाबन्दि गरेका थिए ।

३ महिनादेखि तालाबन्दि गरिएको महासंघको जिल्ला शाखामा ताला खोल्न कुनै चासो दिईएको छैन भने, महासंघको कार्यलय र सूचना केन्द्र झाडिले ढाकेको छ । आफ्नै कार्यसमितिका पदाधिकारी समेतले लगायको तालाबन्दिको विषयमा प्रश्न गर्दा महासंघ जिल्ला शाखाका अध्यक्ष सञ्जय रिजालले राजनीतिक दलका भातृ संगठनले तालावन्दि गरेको भन्दै आवश्यक समन्वय गरेर महासंघको कार्यालयमा लागेको ताला खोल्ने जिम्मेवारीबाट पन्छिए । कार्यालयमा नेपाल प्रेस युनियन र प्रगतिशिल पत्रकार संघले तालावन्दि गरेका हुन । अध्यक्ष रिजाल प्रेस युनियनवाट उम्मेद्वार बनेर महासंघको अध्यक्ष बनेका हुन भनें, प्रगतिशिल पत्रकार संघका अध्यक्ष पहाडी महासंघको जिल्ला शाखाकै कोषाध्यक्ष छन् ।

---

## डेंगीबाट बच्ने उपायहरु

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ।
लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
पानी राखेको भाडाँलाई छोपेर राखौं ।
लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौ ।
अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।

कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान